लोक सेवा आयोग
# दिपायल कार्यालय
राजपुर, डोटी

**नेपाल न्याय सेवाको शाखा अधिकृत वा सो सरह पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना**

## सूचना नं. ४/०७७-७८, मिति : २०७७।०६।२३

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको **वि.नं. १६६८६-१६६९२/०७६-७७ (खुला तथा समावेशी), नेपाल न्याय सेवा न्याय, कानून र सरकारी वकील समूहको एकीकृत परीक्षा प्रणाली अन्तरगत रा.प. तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह** पदमा **दिपायल** परीक्षा केन्द्र राखी दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम यस पूर्व कोभिड-१९ को विश्वव्यापी महामारीको कारण स्थगित गरिएकोमा लोक सेवा आयोगको मिति २०७७।६।८ को निर्णयबाट नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र आयोगबाट स्वीकृत **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७** को पालना गर्ने गराउने गरी निम्न मिति र समयमा निम्नानुसारको परीक्षा भवनमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । परीक्षार्थीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्य-१ र २ मा उल्लेख गरिएको छ ।

**परीक्षा सञ्चालन सम्बन्धी कार्यक्रम**

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|
| प्रथम पत्र | शासन प्रणाली | विषयगत | २०७७/०७/१८ दिनको १:०० बजे | सबै उम्मेदवार | लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर, डोटी |
| द्वितीय पत्र | समसामयिक विषय | | २०७७/०७/१९ दिनको १:०० बजे | | |
| तृतीय पत्र | समसामयिक कानून तथा अभ्यास | | २०७७/०७/२० दिनको १:०० बजे | | |

**द्रष्टव्य-१**

१. **परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।**
२. **परीक्षा भवनमा झोला, मोवाइल फोन, क्याल्कुलेटर तथा अन्य विधुतीय सामग्री निषेध गरिएको छ ।**
३. **परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।**
४. **प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनु भन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ ।**
५. **परीक्षा दिन आउँदा परीक्षार्थीले नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा लिई उपस्थित हुनु पर्नेछ ।**

**द्रष्टव्य-२ - कोभिड-१९ को संक्रमणको विषेश अवस्थामा परीक्षार्थीले ध्यान दिनु पर्ने विषयहरु**

१. परीक्षार्थी आफू कोभिड-१९ को संक्रमणबाट संक्रमित भए/नभएको स्वयंले घोषणा गर्नु पर्नेछ । संक्रमित परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्न हुनेछैन ।

२. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयंले माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्नेछ ।

३. परीक्षार्थीहरुले परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरी एक आपसमा २ (दुई) मिटरको दूरी कायम गर्नुपर्नेछ ।

४. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।

५. परीक्षार्थीहरु समूहमा भेला हुन र कुराकानी गर्नु हुँदैन ।

६. परीक्षार्थीले उत्तरपुस्तिकामा लेखिसके पश्चात् बाँकी रहेको उत्तरपुस्तिकाको खालि स्थान स्वयंले काटी बुझाउनु पर्नेछ ।

७. परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो उत्तरपुस्तिका गन्ती गरी उत्तरपुस्तिका बुझाएको हस्ताक्षर गरी बाहिर जानु पर्नेछ ।

................................
(रामचन्द्र रेग्मी)
शाखा अधिकृत

................................
(बिष्णु पौडेल)
उप-सचिव

फोनः ०९४-४४०१४७, फ्याक्सः ०९४-४४०१७८, Website: www.psc.gov.np, Email: dipayal@psc.gov.np